# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असोज ०१ गते, २०७६ साल (अतिरिक्ताङ्क ३८

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. २८

**<u>सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** यातायातको सञ्चालन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाई वैज्ञानिक यातायात प्रणालीको वि७कास मार्फत सर्वसाधारण जनतालाई सुरक्षित, भरपर्दो, सरल एवम सुलभ यातायात सुविधा उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कर"** भन्नाले दफा ९९ बमोजिमको सवारी साधन कर र दफा १०२ बमोजिमको जरीवानालाई जनाउँछ । सो शब्दले प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने अन्य करलाई समेत सम्झनु पर्दछ।

(ख) **"कम्पनी"** भन्नाले यातायात सेवा संचालन गर्न इजाजत प्राप्त पंजिकृत कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून अनुसार स्थापना भएका कम्पनीलाई समेतलाई जनाउँछ ।

(ग) **"कार्यालय"** भन्नाले प्रदेश भित्रका यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) तथा यातायात व्यवस्था सेवा कार्यालयलाई सम्झनु पर्छ।

(घ) **"कार्यालय प्रमुख"** भन्नाले प्रदेश भित्रका कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ङ) **"चालक"** भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(च) **"चालक अनुमतिपत्र"** भन्नाले दफा ३० बमोजिम कार्यालय प्रमुखले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(छ) **"ट्राफिक सङ्केत"** भन्नाले प्रहरी वा एक सवारीको चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **"दर्ताको प्रमाणपत्र"** भन्नाले दफा ६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनुपर्छ ।

(ञ) **"निर्देशनालय"** भन्नाले प्रदेश सरकारको सवारी तथा यातायात व्यवस्था निर्देशनालय सम्झनु पर्छ।

(ट) **"बीमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बीमालाई समेत जनाउँछ ।

(ठ) **"मार्ग"** भन्नाले दफा ४० बमोजिम सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

(ड) **"मार्ग इजाजतपत्र"** भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ४१ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनुपर्छ ।

(ढ) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ५, भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(ण) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ ।

(त) **"मालबाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनुपर्छ ।

(थ) **"मध्यम मार्ग (मिडियम रुट)"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर भन्दा बढी तर दुईसय पचास किलोमिटर भन्दा कम्ती दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ ।

(द) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ध) **"यात्री"** भन्नाले यात्रुवाहक सवारीमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(न) **"यात्रीबाहक सवारी"** भन्नाले यात्रीहरुलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(प) **"यात्री गुण्टा"** भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ ।

(फ) **"यातायात निरीक्षक"** भन्नाले दफा ९१ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ब) **"लामो मार्ग (लङ रुट)"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुई सय पचास किलोमिटर वा सो भन्दा बढी दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(भ) **"व्यवस्थापक"** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ ।

(म) **"व्यवस्थापन समिति"** भन्नाले दफा ८९ बमोजिम गठित प्रदेश यातायात व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(य) **"सरकार"** भन्नाले प्रदेश नं. ५ को सरकार सम्झनु पर्छ ।

(र) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने साधारणतया मानिस वा सामान ओसार्ने तथा तान्ने सवारी साधन सम्झनु पर्छ ।

(ल) **"सवारीको वजन"** भन्नाले सवारीको इन्जिन, चेसिस, अन्य पार्ट, इन्धन, ड्राइभर, यात्री, मालसामान समेतको कूल वजन सम्झनु पर्छ र सो शब्दले निर्माता तथा सवारी दर्ता प्रमाणपत्रमा लेखिएको कूल भार वहन क्षमता समेतलाई जनाउँछ ।

(व) **"सार्वजनिक सवारी"** भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ ।

(श) **"सुरक्षाकर्मी"** भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ र सो शब्दले सरकारी सुरक्षाकर्मी समेतलाई जनाउँछ ।

(ष) **"सार्वजनिक स्थान"** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पूल, मार्ग वा सर्वसाधारण जनता आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरु चढ्न, उत्रन वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ ।

(स) **"सवारी धनी"** भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२
## सवारी साधनको दर्ता

३. **सवारी साधनको दर्ता**: (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेश भित्र प्रवेश गर्ने स्थानमा रहेको भन्सार कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनका लागि निवेदन परेमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो सवारी साधन खरीद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई प्रवेश प्रयोजनका लागि मात्र पन्ध्र दिनका लागि प्रवेश दर्ता गरी त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ ।त्यसरी प्रवेश गराईएको सवारी साधन आयातकर्ता व्यक्ति, फर्म वा कम्पनी सोझै आफ्नो गोदाम/शो-रुममा लग्नु पर्नेछ । त्यस्तो सवारीमा सम्वन्धित भंसार कार्यालयले तोकिएको स्टीकर टाँस गर्नु पर्नेछ ।

(३) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी बिक्री वितरण गर्ने एजेण्टले सवारी खरिद गरेको वा आयात गरी नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिनभित्र कार्यालयमा तोकिएको दस्तुर बुझाइ दर्ता गर्नु पर्नेछ ।

तर, सरकारी निकायले आयात गरेकोमा नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पैंतीस दिनभित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(४) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा संचालित आयोजना सम्पन्न भए पश्चात् ती आयोजनाबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका सवारी साधन वा दर्ता छुट भएका पुराना सरकारी सवारी साधन सम्बन्धित

मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ।

(५) सवारी साधनको पाटपुर्जा आयात गरी वा नेपालभित्रनै सवारीको निर्माण गर्ने कम्पनीले तोकिएको निकायले सञ्चालन योग्य रहेको भनी प्रमाणित गरेपछि मात्र उत्पादन प्लान्टबाट गोदाम वा शो-रुममा लैजानु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सवारी साधन संचालन योग्य रहेको भनी प्रमाणित गरेको १५ (पन्ध्र) दिनभित्र कार्यालयमा तोकिएको दस्तुर बुझाई दर्ता गर्नुपर्नेछ ।

(७) कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुई भन्दा बढी व्यक्तिले कार्यालय प्रमुख समक्ष निवेदन दिएमा कार्यालय प्रमुखले आवश्यक छानबिन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरीदिनु पर्नेछ।

(८) उपदफा (३), (४), (६) र (७) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(९) सवारी दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **सरुवा दर्ताः** (१) अन्य प्रदेशमा दर्ता भएको सवारी यस प्रदेशमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ तोकिएको दस्तुर समेत संलग्न राखी तोकिएको ढाँचामा सवारी धनीले कार्यालय प्रमुख समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(२) यस प्रदेश अन्तर्गत कुनै एक कार्यालयमा दर्ता भएको सवारी अन्य कार्यालयमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ र तोकिएको दस्तुर समेत संलग्न राखी

तोकिएको ढाँचामा सवारी धनीले कार्यालय प्रमुख समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले तोकिएको मापदण्डको अधिनमा रही त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा उक्त सवारीको सरुवा दर्ता गरी दिनु पर्नेछ।

(४) यस प्रदेशमा दर्ता रहेको सवारी अन्य प्रदेशमा वा यस प्रदेश अन्तर्गतका अन्य कार्यालयमा सरुवा दर्ताको लागि सवारी धनीले सहमति मागेमा तोकिएको मापदण्डको अधिनमा रही सरुवा सहमति दिन सकिनेछ।

(५) सरुवा दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **<u>अस्थायी दर्ता</u>**: (१) देहायको अवस्थामा कुनै सवारीलाई सम्बन्धित कार्यालयले तोकिए बमोजिमको दस्तुर लिई अस्थायी रूपमा दर्ता गर्न सक्नेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जीन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा दर्ता गराउन तत्काल सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्था परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतीपूर्ति, बीमा सम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी

वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिश भएको सवारी साधन भएमा,

(ङ) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा ।

(२) अस्थायी दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सवारी दर्ताको प्रमाणपत्र, मान्य अवधि र नवीकरणः** (१) दफा ३, ४ र ५ बमोजिम परेको निवेदन जाँचबुझ गर्दा यस ऐन बमोजिम सवारी दर्ता गर्न मिल्ने देखिएमा कार्यालयले सवारी दर्ता गरी तोकिए बमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्नु अघि कार्यालय प्रमुखले सो सवारीको यस ऐनमा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्न लगाउन सक्नेछ र त्यसरी जाचँबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ ।

(३) वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दर्ता रोक्का गर्न मनासिब देखेमा निर्देशनालयले कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरेमा कार्यालय प्रमुखले सोको कारण खुलाई दरखास्तवालालाई सूचना दिनु पर्नेछ।

(५)  उपदफा (१) बमोजिम दिईएको सवारी दर्ता प्रमाणपत्रको मान्य अवधि त्यस्तो प्रमाणपत्र दिएको मितिले एक वर्षसम्म हुनेछ।

तर, यस ऐन तथा नियमावली बमोजिम सवारीको दर्ता नवीकरणको लागि दस्तुर नलाग्ने सवारी साधनको हकमा पाँच वर्षसम्मको लागि एकैपटक दर्ता प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर बुझाई अर्को अवधिका लागि नवीकरण गराई सक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट नवीकरण दस्तुरको म्याद नाघेको प्रतिवर्ष एकसय प्रतिशतका दरले थप दस्तुर समेत लिई बढीमा पाँच बर्षसम्म त्यस्तो सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिनेछ।

(८) सवारी दर्ताको प्रमाणपत्र, मान्य अवधि र नवीकरण सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि कुटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन ।

७. <u>**सडकमा चल्न सक्ने सक्षमता (रोड अर्डिनेस) को प्रमाणपत्र लिनुपर्नेः**</u> (१) दफा ३ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ भन्ने कुराको तोकिए बमोजिमको प्रमाणपत्र सवारी धनी वा व्यवस्थापकले पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सक्षमताको प्रमाणपत्र पेश गरेपछि मात्र सवारी दर्ताको प्रमाणपत्र दिइनेछ ।

८. **सवारी साथै लिई आउनुपर्ने**: कुनै सवारी दर्ता गर्न, सवारी नामसारी गर्न, सवारीको जाँचपास गर्न, प्रदुषण जाँच गर्न र सवारीको कुनै कुरा हेरफेर गर्नका लागि त्यस्तो व्यक्ति, फर्म वा कम्पनीले सम्बन्धित सवारी कार्यालयमा साथै लिई आउनु पर्नेछ ।

९. **सवारीको लगत राख्नुपर्ने**: (१) कार्यालय प्रमुखले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादि समेत स्पष्ट रूपमा खुल्नेगरी दर्ता किताबमा लेख्न लगाई सवारीको लगत अद्यावधिक गरी राख्नुपर्छ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारी धनीको फोटो समेत टाँसिएको हुनुपर्छ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको लगत विद्युतीय रुपमा राख्नका लागि निर्देशनालयले अनलाईन रुपमा अभिलेख प्रविष्टि तथा सुरक्षा गर्न मिल्नेगरी विद्युतिय यातायात अभिलेख केन्द्रको व्यवस्था मिलाउनेछ । त्यसरी विकास गरेको विद्युतीय यातायात अभिलेखमा सवारी दर्ताको लगत अद्यावधिक रुपमा कार्यालयले प्रविष्टि गर्नुपर्नेछ ।

१०. **सवारी चलाउन वा चलाउन दिन नहुने**: (१) यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिनहुँदैन ।

(२) विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपालभित्र चलाउन हुँदैन ।

११. **विदेशी सवारी चलाउन अनुमति दिने**: (१) ढुवानी तथा यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार निस्सा सहित अनुमति मागेमा कार्यालय प्रमुखले तोकिएको दस्तुर लिई एक सवारीलाई एक पटकमा सात दिनमा नबढ्ने गरी एक आर्थिक वर्षमा बढीमा तीस दिनसम्मको लागि त्यस्तो सवारी नेपाल भित्र चलाउने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार र विदेशी सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्नेगरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन अनुमति दिन सकिनेछ ।

**१२.** <u>**सवारीको दर्ताको प्रमाणपत्र स्वतःरद्द हुने**</u>: (१) दफा ६ को उपदफा (७) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा सवारीको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताब र अभिलेखबाट कट्टा हुनेछ।

**१३.** <u>**सवारीको नामसारी**</u>:(१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरु कसैलाई कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र सो सवारीको नामसारीका लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी तोकिएको ढाँचामा कार्यालय प्रमुख समक्ष दरखास्त दिनुपर्छ ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नब्बे दिनभित्र सवारी धनीको मृत्यु भएको प्रमाण, दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा तथा आफ्नो सबैभन्दा नजीकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा कार्यालय प्रमुख समक्ष दरखास्त दिनुपर्छ ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीका लागि दरखास्त परेमा कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नुपर्छ ।

तर, उपदफा (२) बमोजिम नामसारीका लागि जाँचबुझ गर्दा समान तहका एक भन्दा बढी हकवाला रहेको देखिएमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्तरूपमा दर्ता गरी नामसारी गर्नुपर्छ ।

(४) उपदफा (२) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोरा दर्ता किताबमा जनाउनु पर्छ ।

(५) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा कार्यालय प्रमुखले जाँचबुझ गर्दा सो सवारीमा हक बेहकसम्बन्धी कुनै विवाद परेको देखिएमा त्यस्तो विवादको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन ।

**१४.** **स्वीकृति नलिई हेरफेर गर्न नहुने**: सवारी धनीले कार्यालय प्रमुखको स्वीकृति नलिई सवारीको रङ, सीट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुनेगरी सवारीमा हेरफेर गर्न हुदैन।

तर, यस दफाले सवारीमा सामान्य पार्टपूर्जा परिवर्तन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन।

**१५.** **दर्ता निलम्बन गर्न सक्ने**: (१) कार्यालय प्रमुखले देहायको अवस्थामा कुनै सवारीको दर्ता देहाय बमोजिमको अवधिसम्मको लागि निलम्बन गर्नेगरी आदेश दिन सक्नेछः-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मर्मत नगरेसम्मका लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नुपर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम दिएको लिखित आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मका लागि ।

(२) उपदफा (१) बमोजिम दर्ता नगर्ने गरी सवारी धनीलाई आदेश दिंदा कार्यालय प्रमुखले सोको कारण समेत स्पष्ट रूपमा खुलाएको हुनुपर्छ ।

(३) उपदफा (१) बमोजिम सवारीको दर्ता निलम्बन गरेमा कार्यालयले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ ।

(४) उपदफा (१) बमोजिम दर्ता निलम्बन गरेमा कार्यालय प्रमुखले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले सवारी दर्ताको प्रमाणपत्र कार्यालय समक्ष बुझाउनु पर्छ ।

(५) कार्यालय प्रमुखले दर्ताको प्रमाणपत्रको निलम्वन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नुपर्छ ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिँदा कार्यालयले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउनु पर्छ ।

**१६.** **<u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u>:** (१) देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी गर्न सकिनेछः-

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंका लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न कार्यालय प्रमुख समक्ष तोकिएको ढाँचामा दरखास्त दिएमा,

तर, पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लग्न परेमा सवारी धनीले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिनुपर्छ ।

(ख) उजुरी वा कुनै जानकारीको आधारमा जाँचबुझ गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा निर्देशनालयको सहमतिमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी व्यहोरा साँचो देखेमा बुझाउन बाँकी कर दस्तुर

सबै लिई त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नेछ ।

१७. **दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने**: (१) सवारी दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनीले सम्वन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिश सहित कार्यालय समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबीन गर्दा व्यहोरा ठीक देखेमा कार्यालय प्रमुखले सवारी धनीलाई त्यस्तो दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

१८. **विवरण पेश गर्नुपर्ने**: (१) विदेशबाट सवारी पैठारी गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्ता सवारी मध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफैले पैठारी गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई प्रत्येक छ महिनामा कार्यालय समक्ष विवरण पेश गर्नुपर्छ ।

(२) कार्यालय प्रमुखले विदेशबाट सवारी पैठारी गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरुको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ । त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ ।

## परिच्छेद-३

## सवारीको अवस्था, मापदण्ड तथा वर्गीकरण

१९. **मापदण्ड तोक्न सक्नेः** (१) नेपालमा उत्पादन हुने वा पैठारी हुने सवारीको बनावट, डिजाईन, इन्जिन तथा प्रयोग गर्ने प्रक्रिया लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सवारीको मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको मापदण्ड भन्दा फरक मापदण्डका सवारी साधन निर्माण गर्न वा नेपालमा पैठारी गर्न वा त्यस्तो मापदण्ड प्रतिकूल हुनेगरी सवारी साधनको मर्मत वा परिवर्तन गर्न पाईने छैन ।

(३) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम तोकिएको मापदण्ड प्रतिकूल हुनेगरी निर्माण गरिएका वा पैठारी गरिएका सवारी साधन दर्ता गरिने छैन ।

२०. **सवारीको जाँचबुझ, जाँचपास तथा प्रदुषण जाँच सम्बन्धी व्यवस्थाः** (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका कुराहरुका सम्बन्धमा प्रदेश सरकारले आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछ :-

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) सवारीबाट हुन सक्ने प्रदुषणको सम्बन्धमा,

(घ) सवारी चलाउन सकिने अवधिको सम्बन्धमा ।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा उपदफा (१) बमोजिम तोकिएको मापदण्डका अधीनमा रही जाँचबुझ गर्नु पर्नेछ ।

(३) सार्वजनिक सवारीले यस ऐन बमोजिम तोकिएको स्थान र अवधिमा सवारीको जाँचपास गराउनु पर्नेछ।

(४) जाँचपास सम्बन्धी प्रक्रिया, स्थान, अवधि, निवेदनको ढाँचा, नविकरण, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) कुनै पनि सवारीको शुरु दर्ता गराउँदा र सार्वजनिक सवारीको हकमा प्रत्येक छ महिनामा तथा निजी सवारीको हकमा प्रत्येक एक वर्षमा तोकिएको स्थान र अवधिमा प्रदुषण जाँच गराउनु पर्छ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि दुई पाङ्ग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदुषण जाँच गराउनु पर्नेछ ।

(७) प्रदुषण जाँच सम्बन्धी प्रक्रिया, स्थान, अवधि, निवेदनको ढाँचा, नविकरण, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. <u>आकार र वजनको आधारमा सवारीको वर्गीकरण</u>** : (१) आकार र वजनको आधारमा सवारीलाई देहाय बमोजिम ठूला, मझौला र सानो सवारीको रुपमा वर्गीकरण गरिनेछः-

(क) दश टन भन्दा बढी वजन भएको यात्रुवाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ ।

(ख) चार टनदेखि दश टनसम्म वजन भएको यात्रुवाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ ।

(ग) चार टनभन्दा कम वजन भएको यात्रुवाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलरलाई साना सवारी भनिनेछ । सो अन्तर्गत तीन पांग्रे सवारी समेत पर्दछ ।

(घ) मोटरसाइकल, स्कुटर, मोपेड आदिलाई दुई पांग्रे सवारी भनिनेछ ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको वर्गीकरणमा पर्ने सवारीको नामावली प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ।

२२. **स्वामित्व, प्रयोजन र प्रयोगको आधारमा सवारीको वर्गीकरणः** (१) प्रयोजन वा प्रयोगको आधारमा सवारीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

(क) यातायात व्यवसाय गर्ने कम्पनीले यातायात सेवा संचालनमा प्रयोग गर्ने सवारीलाई सार्वजनिक सवारी भनिनेछ ।

(ख) कुनै व्यक्ति, संस्था, निकाय वा कार्यालयको निजी प्रयोगको सवारीलाई निजी सवारी भनिनेछ ।

(२) सार्वजनिक सवारीलाई यात्रुबाहक र मालबाहक गरी विभाजन गरिनेछ ।

(३) यात्रुबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछ ।

(४) यस दफा बमोजिम विभाजन गरिएका सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) मालसामान ढुवानी गर्ने सार्वजनिक सवारीलाई मालबाहक सवारीको इजाजत दिइनेछ ।

(६) निजी सवारीलाई कुनै पनि प्रकारको यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन ।

(७) उपदफा (१) को खण्ड (ख) बमोजिमको निजी सवारी मध्ये नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा त्यसको कुनै कार्यालयको नाममा दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई सरकारी सवारी भनिनेछ ।

(८) उपदफा (१) को खण्ड (ख) बमोजिमको निजी सवारी मध्ये नेपाल सरकार, प्रदेश सरकारको पूर्ण, अधिकांश वा स्थानीय तहको एकल वा संयुक्त रुपमा स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक संस्थानको सवारी भनिनेछ ।

(९) प्रचलित कानून बमोजिम कुटनीतिक नियोग वा कुटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई कुटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

(१०) ट्र्याक्टरलाई कृषि र गैरकृषि प्रयोजनमा प्रयोग हुनेगरी वर्गिकरण गरिनेछ ।

२३. **सवारीको नम्बर प्लेट राख्नु पर्नेः** (१) सवारीको पहिचानका लागि प्रत्येक सवारीको अगाडि तथा पछाडि तोकिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

(२) उपदफा (१) बमोजिम नम्बर प्लेट तोक्दा सार्वजनिक सवारी, निजी सवारी, सरकारी सवारी, र कुटनीतिक सुविधा प्राप्त सवारीका लागि फरक फरक हुनेगरी तोक्नु पर्नेछ ।

२४. **अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः** (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन।

(२) भन्सार महसुल छुट हुनेगरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद-४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

२५. **सवारी चलाउन नहुने** : कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन ।

२६. **सवारी चलाउन दिन नहुने** : कसैले पनि आफ्नो स्वामित्वको वा आफनो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिन हुँदैन ।

तर, सवारी चालक सम्बन्धी सीप सिकाउने संस्थाले प्रशिक्षकको नियन्त्रण र रेखदेखमा प्रशिक्षार्थीलाई सवारी चलाउन दिन सक्नेछ ।

२७. **चालकको लागि अयोग्यता** : (१) देहायका व्यक्तिहरु चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिनेछन् :-

(क) ठूलो र मझौला सवारीको निमित्त एक्काइस वर्ष उमेर नपुगेको तथा साना सवारीको सवारी चालक अनुमतिपत्र प्राप्त गरी सोको अवधि दुई वर्ष नपुगेको व्यक्ति,

(ख) सानो सवारीको लागि अठार वर्ष उमेर नपुगेको व्यक्ति,

(ग) दुई पाङ्ग्रे सावरीको लागि सोह्र वर्ष उमेर नपुगेको व्यक्ति,

(घ) साधारण लेखपढ गर्न नजानेको व्यक्ति,

(ङ) ठूला तथा मझौला सवारीको हकमा साठी वर्ष उमेर पुगेको व्यक्ति,

(च) दृष्टि, श्रवण वा शारीरिक अपाङ्गताको कारण सवारी चलाउन असमर्थ व्यक्ति,

(२) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिए तापनि अपांगता भएका व्यक्तिको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

२८. **चालक अनुमतिपत्रको लागि दरखास्त**: (१) दफा २७ बमोजिम अयोग्यता नभएको व्यक्तिले चालक अनुमति पत्रका लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर समेत संलग्न गरी कार्यालय समक्ष दरखास्त दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको दरखास्तसाथ दरखास्तवालाले चालक अनुमतिपत्रका लागि तोकिएको दस्तुर सहित नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्छ ।

(३) निर्देशनालयले विकास गरेको अनलाईन विद्युतिय प्रणालीबाट समेत तोकिए बमोजिम त्यस्तो दरखास्त दिन सकिनेछ।

२९. **दरखास्तवालाको परीक्षणः** (१) दफा २८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ, छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ, छैन भन्ने कुराको यकिन गर्न निर्देशनालयले निर्धारण गरेको पाठ्यक्रम बमोजिम लिखित परीक्षा लिनु पर्छ ।

(२) लिखित परीक्षामा सफल हुने उम्मेदवारको निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम सवारी चालक सीप परीक्षणको परीक्षा लिईनेछ ।

(३) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले सो परीक्षा सम्पन्न भएको मितिले तीन महिना भुक्तान नभएसम्म पुनः दरखास्त दिनसक्ने छैन ।

(४) यस दफा बमोजिम परीक्षण गर्दा सवारीको वर्गीकरण अनुसार फरक फरक पाठ्यक्रम र सीप परीक्षण परीक्षा सम्बन्धी मापदण्ड निर्धारण गर्न सकिनेछ ।

(५) लिखित परीक्षा तथा सीप परीक्षण परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) निर्देशनालयले लिखित परीक्षा एवम सीप परिक्षण संचालन गर्ने कार्यका लागि कुनै संस्था, केन्द्र, फर्म वा कम्पनीलाई तोकिए बमोजिमको शर्तको अधिनमा रही इजाजत दिन सक्नेछ।

३०. **चालक अनुमतिपत्र दिनेः** (१) दफा २९ बमोजिम सफल भएका दरखास्तवालालाई कार्यालयले सवारी चालक अनुमतिपत्र दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा ठूलो, मझौला, सानो, दुई पाङ्ग्रे वा तीमध्ये कुनै वा सबै सवारी चलाउन अनुमति दिइएको हो भन्ने कुरा स्पष्ट रुपमा जनाउनु पर्छ ।

(३) सवारी चालक अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया, लाग्ने दस्तुर तथा ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यताः** (१) कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा २८ बमोजिम दरखास्त दिएमा कार्यालय प्रमुखले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रका लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ ।

तर, त्यस्तो चालक अनुमतिपत्र दिनु अघि सीप परीक्षण परीक्षा लिनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता दिने सम्बन्धमा भएको कुनै अन्तर्राष्ट्रिय सन्धिको प्रावधान वा पारस्परिकताका आधारमा कुनै मुलुकको सवारी चालक अनुमतिपत्रलाई मान्यता दिने व्यवस्था भएको रहेछ भने सो कुराको अभिलेख राखी कार्यालयले त्यस्तो अनुमतिपत्रलाई मान्यता दिन सक्नेछ ।

(३) कुटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारीश भै आएमा आफ्नो राष्ट्रबाट प्राप्त गरेको सवारी चालक अनुमतिपत्रको आधारमा कुनै परिक्षा नलिइ सवारी चालक अनुमतिपत्र दिन सकिनेछ ।

(४) अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारीहरु नेपालभर चलाउन सक्नेछ ।

३२. **चालक अनुमतिपत्रको वैधताः** (१) दफा ३० बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा लेखिएका सवारीहरु मात्र चलाउन सक्नेछ ।

(२) उपदफा (१) को अधीनमा रही चालकले त्यस्तो सवारी नेपाल भर चलाउन सक्नेछ ।

(३) चालक अनुमतिपत्र दिइएको मितिले दश वर्षसम्म बहाल रहनेछ ।

३३. **चालक अनुमतिपत्रमा अरु सवारी समावेश गर्ने** : (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी कार्यालय प्रमुख समक्ष दरखास्त दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकिन गर्न निजको सीप परीक्षण परीक्षा लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा सफल भएको चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी तोकिएको दस्तुर लिइ कार्यालय प्रमुखले नयाँ चालक अनुमतिपत्र दिनेछ ।

३४. **चालक अनुमतिपत्रको नवीकरणः** (१) चालक अनुमतिपत्रको म्याद नाघेको तीन महिनाभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्छ ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनका लागि तोकिएको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणका लागि निवेदन पेश हुन आएमा कार्यालय प्रमुखले त्यस्तो चालक अनुमतिपत्र अर्को दश वर्षसम्मका लागि तोकिएको दस्तुर लिई नवीकरण गर्नेछ ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको वर्षको प्रतिवर्ष एकसय प्रतिशतका दरले बढीमा पाँच वर्षसम्म थप दस्तुर समेत लिई त्यस्तो चालक अनुमतिपत्र नवीकरण गरिनेछ ।

(५) चालक अनुमतिपत्र नविकरण सम्बन्धी कार्य सहज र सरल बनाउन विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ ।

(६) अनुमति पत्र नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **<u>नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने</u>** : सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

३६. **<u>चालक अनुमतिपत्र निलम्बन</u>** : कार्यालय प्रमुखले देहायको अवस्थामा देहायको अवधिसम्म चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :

(क) चालक अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरु तीन पटकभन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा त्यस्तो चालकको चालक अनुमतिपत्र छ महिनासम्म,

(ख) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ग) निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा त्यस्तो चालकलाई पहिलो पटकभए एक महिना, दोस्रो पटक भए तीन महिनासम्म ।

३७. **<u>चालक अनुमतिपत्र खारेज गर्न सकिने</u>**: (१) कार्यालय प्रमुखले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछ :

(क) दफा ३६ को खण्ड (ख) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) दफा ३६ को खण्ड (ग) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएका प्रमाणित भएमा।

(२) यस ऐनको दफा ३४ को उपदफा (४) बमोजिमको निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम खारेज भएको चालक अनुमतिपत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ । त्यस्तो चालक अनुमतिपत्र नवीकरण गरिने छैन ।

(४) कुनै चालकले दफा २७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा निजले झुट्टा विवरण पेश गरी चालक अनुमतिपत्र प्राप्त गरेको देखिएमा कार्यालय प्रमुखले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खारेज भएको सवारी चालक अनुमतिपत्र खारेज भएको मितिले सात दिनभित्र कार्यालय प्रमुख समक्ष फिर्ता बुझाउनु पर्नेछ ।

३८. **<u>चालक अनुमतिपत्रको प्रतिलिपि दिने</u>** : (१) चालक अनुमतिपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिनभित्र चालकले सम्बन्धित कार्यालय प्रमुख समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा व्यहोरा उपयुक्त देखिएमा कार्यालय प्रमुखले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ ।

३९. **सवारी चालक प्रशिक्षण संस्था वा सीप परीक्षण गर्ने संस्था सम्बन्धी व्यवस्थाः** (१) सवारी चालक प्रशिक्षण केन्द्र वा सवारी चालक सीप परीक्षण सेवा संचालन गर्न चाहने फर्म, कम्पनी वा संस्थाले त्यस्तो सेवा संचालन गर्न निर्देशनालयबाट इजाजत लिनुपर्नेछ ।

(२) इजाजत पत्र प्राप्त संस्थाको मापदण्ड, पालना गर्नुपर्ने शर्त, दस्तुर लगायतका तत्सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## यातायात सेवा व्यवस्थापन

४०. **मार्ग निर्धारण गर्ने** : (१) निर्देशनालयले सडकको स्तर, अवस्था र सो सडकमा चल्न सक्ने सवारीको किसिम, आवागमन गर्ने यात्री संख्या, सडकको विद्यमान चाप तथा दफा ९० बमोजिमको सिफारिश समितिको सिफारिश समेतका आधारमा प्रदेशबाट अन्य कुनै प्रदेश वा प्रदेश भर यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अर्को प्रदेशमा यातायात सेवा संचालन गर्नेगरी मार्ग निर्धारण गर्दा सम्बन्धित प्रदेशको सहमति लिनुपर्नेछ ।

(३) कुनै स्थानीय तहले आफ्नो स्थानीय तहभित्र सडकको स्तर, अवस्था र सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्री संख्याको विद्यमान चाप र मागका आधारमा स्थानीय तहभित्र यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम निर्देशनालयले गरेको मार्ग निर्धारण भन्दा फरक नहुने गरी कुनै स्थानीय तहले आफूसँग सीमा जोडिएका स्थानीय

तहसँगको सहमति र समन्वयमा यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम मार्ग निर्धारण भएको सूचना सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ ।

४१. **यातायात सेवा संचालन गर्दा मार्ग इजाजत लिनुपर्नेः** (१) दफा ४० बमोजिम निर्धारित मार्गमा यातायात सेवा संचालन गर्न चाहने कम्पनीले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी मार्ग इजाजत पत्रका लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र नलिई कसैले पनि यातायात सेवा संचालन गर्न हुँदैन ।

(३) कुनै मार्गमा कुनै कम्पनीले यातायात सेवा संचालन गर्नका लागि आवश्यक पर्ने सवारीको न्यूनतम संख्या र अन्य मापदण्ड निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै कम्पनीले मार्ग इजाजतपत्र लिँदा सो मार्गमा उक्त कम्पनीले संचालन गर्ने सबै सवारीका लागि मार्ग इजाजत पत्र लिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले उपदफा (३) बमोजिमको मापदण्ड पूरा भएको देखिएमा कार्यालयले तोकिए बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको मार्ग इजाजतपत्र त्यस्तो इजाजतपत्र दिएको मितिले छ महिनासम्म वहाल रहनेछ ।

४२. **यातायात सेवाको नाम पञ्जीकृत गर्नुपर्नेः** (१) यातायात सेवाको नाम निर्देशनालयमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन । पंजिकृत नभएका कुनै पनि यातायात सेवालाई सार्वजनिक सवारी संचालन गर्न मार्ग ईजाजत प्रदान गरिने छैन।

(२) पंजिकृत गर्ने सम्बन्धी प्रक्रिया, अवधि, नविकरण, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. **<u>मार्ग इजाजतपत्र दिँदा जाँच्नुपर्ने कुराहरुः</u>** दफा ४१ बमोजिम कुनै कम्पनीलाई मार्ग इजाजतपत्र दिँदा त्यस्तो कम्पनीले देहायका कुराहरु पूरा गरे नगरेको जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो कम्पनीको सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनुपर्छ :-

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, यात्रुबाहक सवारीको क्षमता अनुसार सो सवारी, यात्रु र तेस्रो पक्षको बीमा,

(ख) सवारीको जाँचपास,

(ग) प्रदुषण जाँचको प्रमाणपत्र

(घ) सवारी दर्ताको प्रमाणपत्र र त्यसको अद्यावधिक नवीकरण।

४४. **<u>मार्ग इजाजतपत्रको नविकरणः</u>** (१) दफा ४१ को उपदफा (६) बमोजिम मार्ग इजाजतपत्रमा लेखिएको म्याद समाप्त भएको ७ (सात) दिनभित्र त्यस्तो मार्ग इजाजतपत्र नविकरण गराउन निवेदन दिनु पर्नेछ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र नविकरण गराउनका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि निवेदन परेमा कार्यालय प्रमुखले त्यस्तो मार्ग इजाजतपत्र अर्को छ (६) महिनाका लागि नविकरण गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतपत्र नविकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक

महिनासम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतपत्र नविकरण गर्नुपर्नेछ ।

४५. **मार्ग इजाजतपत्र स्वतः रद्द हुने**: (१) दफा ४४ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नविकरण नगरिएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द भएको मार्ग इजाजतपत्र अभिलेखबाट हटाइनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको मार्ग इजाजतपत्र नविकरण गरिने छैन।

४६. **पुनः मार्ग इजाजतपत्र दिन सकिने**: दफा ४५ बमोजिम रद्द भई अभिलेखबाट हटाइएको मार्ग इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ४५ बमोजिम लिनुपर्ने नविकरण तथा थप दस्तुर समेत लिई निजलाई पाँच सय देखि तीन हजार रुपैयासम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा ४१ बमोजिम पुनः मार्ग इजाजतपत्र दिन सकिनेछ ।

४७. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिने**: (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महिना वा सोभन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनी/व्यवस्थापकले सो ब्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी कार्यालय प्रमुख समक्ष त्यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालय प्रमुखले आवश्यक छानविन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्नेगरी यातायात सेवा अवरूद्ध गरेमा मन्त्रालयले त्यस्ता सवारीहरूको मार्ग इजाजतपत्र बढीमा तीन महीनासम्मको लागि स्थगित गर्न कार्यालयलाई निर्देशन दिन सक्नेछ।

४८. **मार्ग इजाजतपत्र रद्द गर्न सकिने**: कुनै सार्वजनिक सवारीले पटक-पटक देहायको कसूर गरेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो सवारी साधनको मार्ग इजाजत पत्र रद्द गर्न सक्नेछः

(क) यात्रुबाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी सवारी चलाएमा।

(ख) यात्रुबाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा।

(ग) लामो मार्गमा संचालन हुने सार्वजनिक सवारीमा कम्तीमा २ जना सवारी चालक नराखी सवारी संचालन गरेमा।

(घ) मार्ग इजाजत नलिएको मार्गमा सवारी चलाएमा।

(ङ) सवारी साधनको स्वरुप बदलेको पाईएमा।

(च) कुनै सार्वजनिक सवारीले यस ऐन वा सोअन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको उल्लङ्घन गरेकोमा मार्ग इजाजतपत्र रद्द गर्न मन्त्रालयले निर्देशन दिएमा,

४९. **मार्ग परिवर्तन गर्नु परेमा**: (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा कम्पनीले पुनः दफा ४१ बमोजिम मार्ग इजाजतपत्रका लागि दरखास्त दिई मार्ग इजाजतपत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा कार्यालयले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि कुनै विशेष मार्गको इजाजत लिएको सवारीलाई तोकिए बमोजिमको दस्तुर लिइ अन्य मार्गमा समेत यातायात सेवा उपलब्ध गराउन सक्ने गरी बहु मार्ग इजाजत पत्र वा कुनै विशेष परिस्थिति परी इजाजत प्राप्त मार्गको सट्टा अन्य मार्गबाट यातायात सेवा संचालन गर्ने गरी पटके मार्ग इजाजतपत्र दिन सकिनेछ।

(४) यस दफा बमोजिम मार्ग परिवर्तन, बहु मार्ग इजाजत तथा पटके इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. **मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय लोकमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा प्रदुषणको कारण वा अन्य कुनै कारणबाट कुनै सवारीको निमित्त मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने सम्बन्धित कार्यालयलाई लागेमा निजले सोको कारण उल्लेख गरी मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ । त्यसरी इन्कार गरिएको विवरण सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) मध्यम मार्ग र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवम काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो मार्गमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ । निर्देशनालयले तोकेको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो मार्गमा यातायात सेवा सञ्चालन गर्ने मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ ।

५१. **भाडा निर्धारण गर्ने**: (१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सवारीले लिने अधिकतम् भाडा दर दफा ९० बमोजिमको सिफारिश समितिको सिफारिश समेतका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने माल सामानको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने मालसामानको अधिकतम वजन तथा भाडा दर निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दर भन्दा बढी नहुने गरी यातायात सेवा संचालन गर्ने कम्पनीले आफूले यातायात सेवा संचालन गर्ने मार्गको भाडा दर तोक्न सक्नेछ ।

(४) यातायात सेवा संचालन गर्ने कम्पनीले यात्रुसँग तोकिए भन्दा बढी भाडा लिनु हुँदैन ।

५२. **यात्री टिकट सम्बन्धी व्यवस्थाः** (१) यातायात सेवा सञ्चालन गर्ने यातायात सेवा कम्पनीको कर्मचारी वा त्यस्तो सेवा सञ्चालन गर्ने कम्पनीको व्यवस्थापकले अधिकृत गरेको व्यक्ति बाहेक अन्य व्यक्तिले त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बिक्रि गर्न हुँदैन ।

(२) कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन र यातायात सेवा संचालन गर्ने कम्पनीले अनिवार्य रुपमा भाडा रकम समेत उल्लेख भएको यात्री टिकट प्रत्येक यात्रीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम यातायात सेवाको टिकट बिक्रि गर्ने कर्मचारी वा अधिकृत व्यक्तिले आफ्नो फोटो सहितको परिचयपत्र लगाएको हुनुपर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने यातायात कम्पनीमा इन्टरनेटमार्फत अनलाईनबाट समेत टिकट खरिद गर्न सकिने गरी व्यवस्था मिलाउन सकिनेछ ।

(५) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा, टिकट बिक्रि गर्दा पालन गर्नुपर्ने शर्त लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. **यात्री-सूची तयार गर्नुपर्नेः** (१) मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने कम्पनीले प्रत्येक यात्रामा आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री-सूची तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको यात्री सूचीको एक प्रति आफूसँग राखी अर्को प्रति कार्यालय प्रमुख वा निजले तोकेको व्यक्ति वा निकाय समक्ष सो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु अगावै पेश गर्नुपर्छ ।

५४. **सार्वजनिक सवारीको सम्बन्धमा पालना गर्नुपर्ने अन्य शर्तहरुः** (१) सार्वजनिक यातायात सेवाका धनी, व्यवस्थापक, सवारीको चालक वा परिचालकले यात्रीबाहक सार्वजनिक सवारीको सम्बन्धमा देहायका शर्तको पालना गर्नुपर्नेछ :

(क) यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउनु हुँदैन ।

(ख) चार घण्टा भन्दा बढीको दुरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक आधाघण्टा विश्राम गर्नुपर्छ ।

(ग) लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा कम्तीमा दुईवटा चालक राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउनु पर्नेछ ।

(घ) सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौबीस घण्टाभित्र कार्यालय, यातायात सेवा संचालन गर्ने कम्पनीको नजिकको कार्यालय वा प्रहरी कार्यालयमा बुझाउन पर्नेछ ।

(ङ) कुनैपनि यात्री प्रति दुर्व्यवहार वा अनुचित व्यवहार गर्नु हुँदैन ।

(च) मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले यात्रा मार्गमा सवारी खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्नु हुँदैन ।

(छ) तोकिए बमोजिमका व्यक्तिहरुको लागि सार्वजनिक सवारीमा तोकिए बमोजिमको सीट सुरक्षित राख्नु पर्नेछ ।

(२) सार्वजनिक सवारीमा यात्रा गर्ने यात्रुले यात्रा गर्दा देहायका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) अन्य यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार नगर्ने,

(ख) सार्वजनिक सवारीमा धुम्रपान नगर्ने,

(ग) सार्वजनिक सवारी चलिरहेको समयमा सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य नगर्ने वा नगराउने,

(घ) तोकिए बमोजिमका अन्य शर्तको पालना गर्ने ।

**५५.** **<u>मार्गको नक्शा र समय तालिका राख्ने</u>**: (१) कार्यालयले यातायात सेवा संचालन गर्ने प्रत्येक कम्पनीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्शा र सार्वजनिक सवारी प्रस्थान

गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समयतालिका जानकारीका लागि टाँस्न वा जडान गर्न लगाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्शा वा समय तालिकामा कुनै फेरबदल भएमा कम्पनी वा कम्पनीले खटाएको व्यक्तिले सोको सूचना तुरुन्त यात्रीहरुलाई दिने व्यवस्था गर्नुपर्छ ।

५६. **<u>सुरक्षाकर्मी राख्न सकिने</u>:** मध्यम मार्ग र लामो मार्गमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कम्पनीले सवारी तथा यात्रीहरुको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन नेपाल सरकार वा प्रदेश सरकारसँग अनुरोध गरेमा अन्तर प्रदेशमा चल्ने सवारी साधनको हकमा नेपाल सरकारले र प्रदेशभित्र चल्ने सवारीको हकमा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा तोकिए बमोजिम लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ ।

५७. **<u>मन्त्रालयको विशेष अधिकार</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मका लागि कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी सो सवारी संचालन गर्ने कम्पनी वा व्यवस्थापनलाई मन्त्रालयले आदेश दिन सक्नेछ ।

## परिच्छेद-६

## <u>आवागमन नियन्त्रण</u>

५८. **<u>सवारीको गति निर्धारण</u>:** (१) प्रदेश भित्रको राष्ट्रिय लोकमार्ग वा अन्य सडकमा चल्ने सवारीको हकमा त्यस्तो लोकमार्गको अवस्था र स्तर बमोजिम निर्देशनालयले सवारी चलाउने गति तोकिए बमोजिम निर्धारण गर्न सक्नेछ । यसरी गति निर्धारण गरिएको मार्गमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन ।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन निषेध गरिएको सम्बन्धी सूचना वा सङ्केत निर्देशनालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने जस्ता आपतकालिन कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुनेछैन ।

तर, त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नका लागि विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नुपर्नेछ।

५९. **सवारीको वजन, राखिने मानिस र मालसामानको हद तोक्नेः**

(१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय लोकमार्ग तथा अन्य मार्गमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ । त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन पाईने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "एक्सल वजन" भन्नाले सवारीको एक्सलसँग जोडिएको पाङ्ग्राले सवारीमा अडेको सतहमा पर्ने कूल वजन सम्झनु पर्छ ।

(२) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालवाहक सवारीमा राख्न सकिने मालसामानको वजन तोकिएको मापदण्डको अधिनमा रही निर्देशनालयले निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन ।

६०. **सवारी चलाउन रोक लगाउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको

भलाईको निमित्त कुनै सार्वजनिक स्थान वा मार्गमा कुनै सवारी चलाउनमा रोक लगाउन सक्नेछ ।

(२) यसरी प्रतिबन्ध लगाइएको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) निर्देशनालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक कन्ट्रोल गर्न आवश्यक साधन प्रयोग गरी सबै वा कुनै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा कन्ट्रोल गरी एकतर्फी संचालन गर्न वा केही दिन वा दिनको केही समय रोक लगाउन सक्नेछ।

६१. **ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्नेः** (१) निर्देशनालयले आवश्यक देखेको सार्वजनिक स्थानहरुमा अन्तर्राष्ट्रिय प्रचलन अनुरुपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरु टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरु निर्देशनालयले खटाएको व्यक्ति बाहेक अरु कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन ।

(३) ट्राफिक सङ्केतहरु तोकिए बमोजिम हुनेछन् ।

६२. **रंगिन शिशा प्रयोग गर्न नहुनेः** (१) कुनै पनि सवारीमा बाहिरबाट सवारी भित्र नदेखिने गरी रंगिन शिशा राख्न वा शिशामा अन्य कुनै वस्तुको प्रयोग गरी रंगिन बनाउन पाइने छैन ।

तर, प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहराएका सवारीमा यो प्रतिबन्ध लागू हुने छैन ।

(२) कसैले उपदफा (१) प्रतिकूल काम गरेमा कार्यालय प्रमुखले त्यस्तो सवारीलाई रंगिन शिशा वा शिशामा प्रयोग गरेको कुनै

वस्तु नहटाएसम्म त्यस्तो सवारी चलाउन नपाउने गरी प्रतिवन्ध लगाउन सक्नेछ ।

६३. **पार्किङ तथा बस बिसौनी निर्धारण गर्ने**: (१) निर्देशनालयले स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकाका पदाधिकारीसँग समन्वय गरी सवारीको पार्किङ स्थान र विसौनी निर्धारण गर्न सक्नेछ ।

(२) निर्देशनालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालन गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ ।

६४. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने**: (१) कुनै पनि सवारी अरु कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुनेगरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नुपर्छ ।

६५. **सवारीको अन्य भागमा मानिस राख्न नहुने** : कुनै सवारी चालक वा परिचालकले लामो एवम मध्यम दुरिको मार्गमा चल्ने सवारीमा तोकिएको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्गमा चल्ने सवारीमा तोकिएको सीट एवम भित्री भाग बाहेक अन्य भागमा मानिस राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन ।

६६. **चालकलाई बाधा पुग्ने काम गर्न नहुने** : कसैले चालक कक्ष (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्नेगरी

मालसामान राखी वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन ।

६७. **आवागमनमा बाधा पार्न नहुनेः** (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयका लागि कुनै मालसामान राख्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्छ।

(३) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान प्रमुख वा ट्राफिक व्यवस्थापनमा खटिएको प्रहरी कर्मचारीले जफत गरी प्रचलित कानून बमोजिम उपयुक्त ब्यवस्था गर्न सक्नेछ ।

६८. **सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्नेः** (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्दा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्छ ।

६९. **सवारीमा साङ्केतिक चिन्ह राख्नुपर्ने** : कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीका लागि साङ्केतिक चिन्ह देखिने गरी राख्नुपर्छ ।

७०. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने** :(१) चालकले आफनो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिका लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन ।

७१. **दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने** : कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरुको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरुलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन ।

७२. **सवारी चलाउँदा सुरक्षापेटी वा हेल्मेट लगाउनु पर्ने**: (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ ।

७३. **कागजात साथैमा राख्नु पर्ने**: (१) कुनै पनि चालकले सवारी चलाउँदा सवारी दर्ता प्रमाणपत्र, चालक अनुमतिपत्र साथमा राख्नु पर्नेछ र त्यस्तो कागजात प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा हेर्न चाहेमा देखाउनु पर्नेछ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक वा अन्य कर्मचारीले सवारी दर्ताको प्रमाणपत्र वा मार्ग इजाजतपत्र देखाउनु पर्छ ।

७४. **सवारी रोक्नुपर्ने** : चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नुपर्छः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा ।

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा लिएको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा ।

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा ।

(घ) जेब्रा क्रसिङमा मानिस ओहोरदोहोर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा ।

तर, जेब्रा क्रसिङ वा दोबाटो वा चौबाटोमा मानिस ओहोर दोहोर नगरेको वा ट्राफिक बत्तीले रोक्ने संकेत नगरेको भए पनि सवारी चालकले आफ्नो सवारी एक छिन रोकी हेरी सावधानीपूर्वक सवारी चलाउनु पर्छ ।

७५. **दुर्घटना भएमा चालकको कर्तव्यः** (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारका लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनुपर्छ।कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ ।

७६. **दुर्घटनामा परेको सवारीको निरीक्षण** : दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ ।

७७. **सवारी बायाँतिरबाट चलाउनु पर्ने:** (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्नेछ ।

(२) अगाडि गईरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान सङ्केत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानुपर्छ । यसरी पछाडिको सवारीले उछिनी जानका लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई सङ्केत दिनुपर्नेछ ।

७८. **निर्धारित ठाउँबाट हिड्ने तथा मार्ग काट्नु पर्ने:** (१) मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरु सो पेटीबाट नै हिंड्नुपर्छ । पेटी नभएको सडकमा हिंड्दा सो सडकको आफ्नो वाँया किनारा च्यापी हिड्नु पर्नेछ ।

(२) पैदल हिंड्ने मानिसले मार्ग काट्नु पर्दा जेब्रा क्रसिङ, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नका लागि निर्धारित गरिएको ठाउँबाट मात्र मार्ग काट्नु पर्नेछ ।

७९. **पाल्तु पशुपंक्षी छाड्न नहुने:** (१) कुनै पनि सार्वजनिक सडकमा घर पालुवा पशुपंक्षी छाड्न हुंदैन ।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भएतापनि काबु बाहिरको परिस्थिति परी सडकमा पशुपंक्षी छाड्नु परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक सडकबाट तुरुन्त हटाउनु पर्नेछ ।

८०. **जानकारी दिनुपर्ने:** (१) कार्यालय प्रमुख, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारीको धनीले निजहरुलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा

व्यवस्थापकले त्यसरी मागिएको जानकारी कार्यालय प्रमुख वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनुपर्नेछ ।

८१. **आकश्मिक निरीक्षणः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको सम्वन्धमा कार्यालय प्रमुख, यातायात निरीक्षक वा प्रहरीले आवश्यकता अनुसार घुम्ती वा आकष्मिक निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा ९८ मा उल्लेख भए बमोजिमको काम कारबाही भएको देखेमा त्यस्तो गर्ने व्यक्तिलाई तत्काल सो दफामा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

८२. **चालकले गर्न नहुने काम** : यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त चालकले देहायको काम गर्नु हुँदैन :

(क) सवारी चलाउनको निमित्त आफनो चालक अनुमतिपत्र अरुलाई दिन,

(ख) सवारी चलाउँदा चालकले मादक पदार्थ वा अन्य कुनै पनि प्रकारको लागु पदार्थ सेवन गर्न,

(ग) सवारीको कुनै पनि पार्ट पुर्जा बिग्रिई अवस्था ठीक नभएको सवारी चलाउन,

(घ) लापरवाहीसाथ सवारी चलाउन,

(ङ) अँध्यारोमा वा कुहिरो लागेको बेलामा सवारीको बत्ती नबाली सवारी चलाउन,

(च) ट्राफिक सङ्केतको पालना नगरी सवारी चलाउन,

(छ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गर्न,

## परिच्छेद-७

## बीमा सम्बन्धी व्यवस्था

८३. **सवारीको बीमा गराउनु पर्नेः**(१) सवारी धनीले तोकिए बमोजिम प्रत्येक सवारीको बीमा गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नविकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न इजाजत पत्र र मार्ग इजाजतपत्र प्रदान गरिने छैन ।

८४. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमाः**(१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्छ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अंग भंग वा मृत्यु भएमा सो बापत पाउने बिमित रकम निज स्वयम वा निजको नजीकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरुलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरुले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरु वा निजहरुको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ।

८५. **यात्रीको बीमाः** (१) मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्छ ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अंग भंग भएमा अंग भंग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट

निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना ग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनु पर्छ ।

८६. **<u>यात्री मालसामानको बीमा</u>:** (१) मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको मालसामानको तोकिएको रकमको बीमा गराउन सकिनेछ ।

(२) यात्री मालसामानको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो यात्री मालसामान कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकम भन्दा बढी हुने गरी दावी गरिएको क्षतीपूर्तिको रकमका सम्बन्धमा सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्री मालसामानको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनुपर्छ।

८७. **<u>तेस्रो पक्षको बीमा</u>:** (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्छ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सीभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनुपर्छ।

(४) यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा ८४, ८५, ८६, ८७ बमोजिम सवारी धनी वा व्यवस्थापकबाट पाउनुपर्ने क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराइदिने आवश्यक प्रवन्ध गर्नुपर्नेछ।

(५) कुनै विदेशी मुलुकमा दर्ता भएका सवारी साधन अनुमति लिइ प्रदेशभित्र चलाउँदा दुर्घटना वा कुनै हानी नोक्सानी भए गरेमा सो वापतको बीमा रकम भराउन तोकिए वमोजिम सम्वन्धित मुलुकको राजदूतावासलाई समेत प्रमुख जिल्ला अधिकारीमार्फत जानकारी गराई क्षतिपूर्ति रकम उपलव्ध गराउने प्रकृया अगाडि वढाउनु पर्नेछ ।

## परिच्छेद - ८

## संस्थागत व्यवस्था

८८. **निर्देशनालयको काम, कर्तव्य र अधिकारः** मन्त्रालय अन्तर्गत सवारी तथा यातायात व्यवस्था निर्देशनालय रहनेछ। निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सडक यातायात सेवालाई भरपर्दो, सुरक्षित, इन्धनमा किफायति तथा बातावरण मैत्री बनाउनका लागि प्रदेश सरकारको तर्फबाट त्यसको

आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण गर्ने,

(ख) यातायातको सुव्यवस्था र विकासका लागि मन्त्रालय तथा कार्यालय वीचमा समन्वय तथा सहकार्य गर्ने,

(ग) सार्वजनिक सवारीको प्राथमिकता तोकी सेवा संचालन गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने।

(घ) अन्तर्राष्ट्रिय प्रचलन अनुरुप ट्राफिक सङ्केतहरु सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्ने तथा त्यसका लागि कार्यालयलाई सहयोग तथा समन्वय गर्ने ।

(ङ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको परीक्षणको सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्ने तथा त्यस्तो परीक्षण केन्द्र स्थापना गर्ने तथा स्थापनाको लागि प्रदेशस्तरका कार्यालयलाई सहयोग तथा समन्वय गर्ने तथा निजी क्षेत्रका परीक्षण केन्द्रलाई इजाजत दिने तथा नियमन गर्ने ।

(च) सवारी चालक अनुमतिपत्रका लागि लिईने परीक्षाको पाठ्यक्रम तथा चालक सीप परीक्षणको लागि मापदण्ड तथा चालकसँग लिइने परीक्षाको बिषय र परीक्षा प्रणाली तोक्ने।

(छ) सवारी चालक अनुमतिपत्रको लागि लिईने परीक्षा संचालनका लागि परिक्षण केन्द्रलाई इजाजत दिने र अनुगमन गर्ने।

(ज) सवारी चालक अनुमतिपत्रका लागि आवश्यक प्रविधिको प्रयोग तथा यातायात कार्यालय बीचमा समन्वय गर्ने।

(झ) सवारी प्रदुषण जाँच केन्द्रको स्थापना तथा संचालनका लागि आवश्यक मापदण्ड तोकी इजाजत दिने ।

(ञ) सवारी दर्ता सम्बन्धी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विद्युतीय डाटा सेन्टरको स्थापना गर्ने तथा निर्देशनालय र कार्यालय

बीच कम्प्यूटर नेटवर्कको स्थापना गरी अनलाईन प्रणालीको विकास गर्ने ।

(ट) सवारी दर्ता, नम्बर प्लेट तथा सवारी चालक अनुमतिपत्रको मापदण्ड निर्धारण गर्ने तथा एकीकृत अभिलेखका लागि समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

(ठ) यातायातलाई सुव्यवस्थित गर्न आवश्यक प्रविधिको प्रयोग गर्ने, गराउने र सोको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

(ड) यातायात प्रणाली संचालनका लागि आवश्यक पर्ने सवारी चालक अनुमतिपत्र, सवारी दर्ता प्रमाणपत्र लगायतका कागजातहरु उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ढ) प्रदेश भित्रका एकभन्दा बढी जिल्लामा संचालन हुने मार्ग तथा सोको भाडादर निर्धारणका लागि मन्त्रालयमा सिफारीश गर्ने ।

८९. **<u>प्रदेश यातायात व्यवस्थापन समिति</u>**ः (१) प्रदेश भित्रको यातायातलाई व्यवस्थित, भरपर्दो, आरामदायी र सुरक्षित बनाउनका लागि देहाय बमोजिमको एउटा प्रदेश यातायात व्यवस्थापन समिति रहनेछ ।

(क) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) प्रमुख, सवारी तथा यातायात व्यवस्था निर्देशनालय -सदस्य

(ग) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(घ) प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय - सदस्य

(च) प्रतिनिधि, यातायात विज्ञ (एकजना), -सदस्य

(छ) प्रतिनिधि, पंजिकृत यातायात कम्पनी (एकजना) -सदस्य

(ज) प्रतिनिधि, यातायात मजदुर (एकजना) । -सदस्य

(झ) महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित क्षेत्रभित्रको सडक यातायातको विकास, विस्तार गर्न तथा यातायातलाई भरपर्दो, सुरक्षित, वातावरण मैत्री बनाउनका लागि गर्नुपर्ने सुधार तथा अवलम्बन गर्नु पर्ने नीतिको विषयमा मन्त्रालयलाई सुझाब दिने।

(ख) सवारी दर्ता तथा तत्सम्बन्धी विषयमा निर्देशनालयलाई मार्गदर्शन गर्ने।

(ग) चाडपर्व तथा यात्रुको बढी चाप हुने अवस्थामा सहज यातायातको व्यवस्था मिलाउनका लागि आवश्यक अन्य काम गर्ने।

(घ) सम्बन्धित क्षेत्रभित्रका सडकहरुमा सवारी चिन्हहरु तथा आवश्यक अन्य संकेतहरु राख्ने व्यवस्था गर्ने, गराउने।

(ङ) शहरी यातायात व्यवस्थापनका लागि स्थानीय तहहरुसँगको समन्वय र साझेदारीमा आवश्यक काम गर्ने, गराउने।

(च) सम्बन्धित क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाधरूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरुलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने।

(छ) सम्बन्धित क्षेत्रभित्र सार्वजनिक सवारीहरुले मार्गको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सोको नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने।

(ज) सम्बन्धित क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरुले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने।

(झ) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुब्यवस्थित रुपमा संचालन गर्न आवश्यक कामकारवाही गर्ने।

(ञ) प्रदेश सरकारले तोकेका अन्य काम गर्ने गराउने ।

(३) सार्वजनिक सवारीको व्यवस्थापनका लागि आवश्यक देखिएमा तोकिए बमोजिमका काम गर्ने गरी जिल्लास्तरमा समेत यातायात व्यवस्थापन समिति गठन गर्न सकिनेछ ।

९०. **<u>मार्ग तथा भाडा निर्धारण सिफारिस समितिः</u>** प्रत्येक जिल्लामा मार्ग तथा भाडा निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मार्ग तथा भाडा निर्धारण सिफारिस समिति रहनेछः

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) प्रमुख, सम्बन्धित पूर्वाधार विकास कार्यालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(घ) प्रमुख, जिल्ला ट्राफिक प्रहरी कार्यालय - सदस्य

(ङ) सम्बन्धित जिल्लाको पंजिकृत यातायात व्यवसायी कम्पनीको प्रतिनिधि एक जना - सदस्य

(च) यातायात विज्ञ एक जना - सदस्य

(छ) प्रमुख, सम्बन्धित यातायात ब्यवस्था कार्यालय, सवारी - सदस्य सचिव

९१. **<u>यातायात निरीक्षकको नियुक्तिः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरु चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरु पूरा गरे नगरेको निरीक्षण गर्न निर्देशनालयले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यातायात निरीक्षक नियुक्ति नभएसम्मका लागि कार्यालय प्रमुखले कुनै कर्मचारीलाई यातायात निरीक्षकको रुपमा काम गर्नेगरी तोक्न सक्नेछ ।

९२. **<u>यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले इजाजतपत्र अनुसारको मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने ।

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरुले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान ढुवानी गर्ने कार्य गरे नगरेको निरीक्षण गर्ने ।

(ग) यातायात सेवामा संलग्न सवारीहरुले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास गरे नगरेको तथा त्यसरी सेवा संचालन गर्ने इजाजत प्राप्त गरे नगरेको जाँच गर्ने ।

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाए नचलाएको कुराको निरीक्षण गर्ने ।

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने ।

९३. **सवारी परिक्षण केन्द्र, सवारी प्रदुषण जाँच केन्द्र, कारखाना तथा वर्कसप संचालन सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि किसिमको सवारी परिक्षण वा जाँचबुझ केन्द्र संचालन गर्न, सवारी प्रदुषण जाँच केन्द्र संचालन गर्न, बस, ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यातायात व्यवस्था निर्देशनालयबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी परिक्षण केन्द्र, सवारी प्रदुषण जाँच केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले निर्देशनालयले निर्धारण गरे बमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमति प्रक्रिया, लाग्ने दस्तुर, अनुमतिपत्रको मान्य अवधि तथा नवीकरण, अनुमतिपत्रको निलम्बन वा खारेजी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## सजाय सम्बन्धी व्यवस्था

९४. **सजायः** (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई कार्यालय प्रमुखले पच्चीस हजार रुपैयाँ जरिबाना गरी त्यस्तो सवारी जफत गर्नुपर्नेछ ।

(२) कार्यालय प्रमुखले देहायको काम कारबाही गर्ने गराउनेलाई दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछः-

(क) कुनै एक प्रयोजनका लागि दर्ता भएको सवारी अन्य प्रयोजनका लागि प्रयोग गरेमा,

(ख) दर्ता नगरी सवारी चलाएमा वा चलाउन दिएमा,

(ग) अनुमति नलिई विदेशी सवारी चलाएमा,

(घ) स्वीकृती नलिई सवारीको रंग, सीट संख्या, स्वरुप, इन्जिन वा चेसिस परिवर्तन गरेमा,

(ङ) मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा,

(च) यातायात सेवाको नाम दर्ता नगरी सो नामबाट यातायात सेवा सञ्चालन गरेमा,

(छ) यस ऐन बमोजिम तोकिएको भाडा भन्दा बढी भाडा लिएमा,

(ज) दुर्घटनामा परेको सवारी वा यात्रीलाई हानि नोक्सानी गरेमा,

(झ) स्वीकृत एक्सेल भन्दा बढी तौलको गाडी चलाएमा,

(ञ) ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टाँसेमा,

(ट) अनधिकृत रुपमा सवारीको स्वरुप फेर बदल गरेमा,

(ठ) स्वीकृत इमिसन स्टान्डर्ड भन्दा बढी धुवां छोड्ने सवारी साधन चलाएमा,

(ड) आयू एवम् बनावट अथवा इन्जिन आदि तोकिए अनुसार नभएको सवारी साधन चलाएमा,

(ढ) गैरकानूनी वा अनैतिक काममा सवारी साधन प्रयोग गरेमा,

(ण) प्रशिक्षण अवधिमा तोकिएको किसिम भन्दा अर्को सवारी चलाएमा,

(त) सडक सीमाभित्र अनुमति विना कुनै किसिमको सूचना, स्ट्रकचर खडा गरेमा,

(थ) चोरीको गाडी चलाउने वा जबरजस्ती धम्काएर गाडी कन्ट्रोलमा लिई चलाएमा,

(द) दर्ता नभएको गाडी चलाएमा,

(ध) फिटनेस सर्टिफिकेट नभएको गाडी चलाएमा,

(न) स्वीकृति नलिई ड्राइभिङ ट्रेनिङ सेन्टर, कारखाना तथा वर्कसप संचालन गरेमा,

(प) राख्न नपाइने रंगिन शिशा वा कालो शिशा राखेमा,

(३) यस ऐनमा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(४) सवारीको लागि तोकिएको मार्ग परिवर्तन गर्ने वा यात्रुलाई अपहरण गर्ने वा बन्धक बनाउने काम कारबाही गर्ने गराउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना र प्रचलित कानून बमोजिमको कार्वाही र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतीपूर्तिको रकम दिलाइनेछ ।

(५) सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने

वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्ने व्यक्तिलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँ जरिबाना गर्नेछ र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतीपूर्तिको रकम दिलाइनेछ ।

९५. **ज्यान मरेमा हुने सजायः** (१) कसैले सवारी चलाई दुर्घटना गरी कुनै मानिस मर्न गएमा प्रचलित कानून बमोजिम सजाय र कारवाही हुनेछ ।

(२) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दश हजार रुपैयाँ समेत जरिबाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कैद सजाय हुनेछ ।

९६. **अंगभंग भएमा हुने सजायः** (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अंग भंग भएमा प्रचलित कानून बमोजिम कैद तथा जरिवाना हुनेछ ।

(२) चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लेखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा दश हजार रुपैयाँ थप जरिवाना हुनेछ ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी

बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अंगभंग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ।

९७. **<u>घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिने</u>:** (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतीपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनुपर्छ :-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत पचास हजार रुपैयाँ र क्षतीपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम ।

(ख) अंग भंग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतीपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अंग भंग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अंग भंग काम लाग्ने भए घा खर्च बापत पचास हजार देखि एक लाख रुपैयाँसम्म वा उपचार गर्दा लागेको वास्तविक खर्च मध्ये जुन बढी हुन्छ सोही बराबरको रकम ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अंग भंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुनेगरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्काल औषधि खर्च बापत मन्त्रालयले तोकेको अधिकारीले

चोटपटकको स्थिति अनुसार चालक, सवारी धनी वा व्यवस्थापकबाट पचास हजार रुपैयाँ सम्म दिलाई दिन सक्नेछ । त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतिपूर्तिको कूल रकमको दश प्रतिशत भन्दा बढी रकम सार्वजनिक यातायातको चालकबाट भराइने छैन ।

(५) उपदफा (४) बमोजिम बुझाउनु पर्ने क्षतिपूर्ति रकम चालकले नबुझाएमा प्रचलित कानून बमोजिम निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति वापतको बीमा रकम यथाशीघ्र भराई दिनुपर्नेछ ।

९८. **यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसुर पहिलोपटक गर्नेलाई तीन हजार रुपैयाँ, दोस्रो पटक गर्नेलाई पाँच हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई सात हजार रुपैयाँ यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल जरिवाना गर्न सक्नेछः-

(क) असुरक्षित वा डिफेक्टिभ सवारी साधन चलाएमा,
(ख) तोकिएको गति भन्दा वढी गतिमा सवारी चलाएमा,
(ग) अरुलाई हानी पुग्नेगरी लापरवाहीले सवारी चलाएमा,
(घ) ओभरटेक गर्न नहुने ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा,
(ङ) मूल सडक, जक्सन आउँदा नरोकी गाडी चलाएमा,

(च) पैदल यात्री सडक पार गरेको अवस्थामा गाडी नरोकी चलाएमा,

(छ) लेन अनुसार गाडी नचलाएमा वा सिग्नल नदिइ लेन परिवर्तन गरेमा,

(ज) सेन्टरको डबल लाइन क्रसगरी गाडी चलाएमा,

(झ) फुटपाथमा सवारी चलाएमा,

(ञ) जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा,

(ट) रातिमा बत्ती नबाली गाडी चलाएमा,

(ठ) सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुनेगरी सामान ढुवानी गरेमा,

(ड) एकतर्फी सडकमा विपरीत दिशामा गाडी चलाएमा,

(ढ) स्वीकृत भन्दा बढी यात्री एवम सामान ढुवानी गरेमा,

(ण) प्रशिक्षण अवधिमा अर्को ब्यक्ति साथमा राखि मोटरसाइकल चलाएमा,

(त) स्वीकृत भन्दा बढी यात्री राखी मोटरसाइकल चलाएमा,

(थ) सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा,

(द) ट्राफिक प्रहरीको इसारा उल्लंघन गरेमा,

(ध) ट्राफिक प्रहरीले रोक्नु भन्दा नमानी सवारी चलाएमा,

(न) तोकिएको बिसौनी भन्दा फरक ठाउँमा रोकी यात्री ओरालेमा वा चढाएमा,

(प) रोड परमिट देखाउन नसकेमा,

(फ) यात्रीलाई टिकट नदिएमा,

(ब) चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा,

(भ) दुर्घटना पछि पालना गर्नुपर्ने कर्तव्य पालना नगरेमा,

(म) दुर्घटना पछि प्रहरीमा आवश्यक कागजात सहित रिपोर्ट नगरेमा,

(य) पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा,

(र) गाडी धनीको अनुमति बिना गाडी चलाएमा,

(ल) लाइसेन्स नभइ गाडी चलाएमा,

(व) स्वीकृत उमेर भन्दा कम वा बढीकाले गाडी चलाएमा,

(श) लाइसेन्स निलम्बन भएको बेलामा गाडी चलाएमा,

(ष) अवधि सहितको तेस्रो पक्ष बीमा नगराई सवारी चलाएमा,

(स) मागेको आवश्यक कागजात पेश नगरेमा,

(ह) ट्याक्सीले मिटरमा देखाईएको भन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा,

(क्ष) सार्वजनिक स्थानमा मानिस वा सवारीको आवागमनमा बाधा पर्नेगरी मालसमान वा सवारी राखेमा,

(त्र) सडकमा पाल्तु चौपाया छाडेमा,

(ज्ञ) आफूले प्राप्त गरेको सवारी चालक अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिएमा,

(क१) भाडादर सवारीमा टाँस नगरेमा,

(क२) यात्रु सूची तयार नगरेमा,

(क३)सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाइ आफ्नो सवारी चलाउन दिएमा,

(क ४) निषेध गरेको मार्गमा निषेधित सवारी चलाएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँ यातायात निरिक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल जरिवाना गर्न सक्नेछ ।

(क) यात्रुले जेब्रा क्रसिंग, ओबरहेड ब्रीज र अन्डरग्राउन क्रसिंग भएको ठाउँबाट मार्ग नकाटेर अन्य ठाउँबाट मार्ग काटेमा,

(ख) यात्रुले ट्राफिक सिग्नल एवम ट्राफिक इसारा नमानी सडकमा मोबाइल फोन प्रयोग गरी वा लागूपदार्थ सेवन गरी हिँडेमा,

(ग) सवारी साधनबाट सडकमा फोहर फालेमा,

(घ) चलिरहेको गाडीमा झुन्डिने यात्री तथा गाडी समातेर साइकल चलाएमा,

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्दा नगदी रसिद दिने र जरिवाना बापत असुल भएको रकम सम्वन्धित यातायात निरीक्षक वा प्रहरीले यथाशिघ्र कार्यालय वा बैंकको राजश्व खातामा दाखिला गरी सोको जानकारी कार्यालय प्रमुखलाई गराउनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित ट्राफिक प्रहरी कार्यालय वा कार्यालय प्रमुख समक्ष बुझाउन पुर्जी दिनेछ ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) र (२) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई सो बापत निजलाई हुने जरिबानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ ।

(६) उपदफा (३) वा (४) बमोजिमको पुर्जी दिँदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्छ ।

(७) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि कार्यालय प्रमुख वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिबानाको

रकम नबुझाउनेलाई कार्यालय प्रमुखले तीन हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र र सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरुले यातायात सेवा सञ्चालन गर्न प्राप्त इजाजत पत्र एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा कार्यालय प्रमुखले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त इजाजत पत्र खारेज गर्न सक्नेछ ।

## परिच्छेद– १०

## सवारी साधन कर तथा लिलामसम्बन्धी व्यवस्था

९९. **कर बुझाउनु पर्नेः** (१) प्रत्येक आर्थिक बर्षका लागि तोकिए बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

(२) करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म बुझाई सक्नु पर्नेछ।

(३) दफा ३ बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउनु अगावै बिदेशबाट आयात भएको हकमा जुन मितिमा भन्सार तिरी छुटाएको छ सोही मितिदेखि र नेपालमा उत्पादितको हकमा संचालन योग्य भनी प्रमाणीत गरेको मिति देखीको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ ।

१००. **दर्ता नविकरण वा नामसारी गर्नु अगावै कर तिर्नुपर्ने** : सवारी साधनको दर्ता, दर्ता प्रमाणपत्रको नविकरण वा सवारी नामसारी गर्दा चालू आर्थिक बर्षसम्मको कर समेत चुक्ता गर्नुपर्नेछ ।

१०१. **दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नुपर्ने** : सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नविकरण गर्ने वा नामसारी गर्ने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको प्रमाण जाँचबुझ गर्नु पर्नेछ।

१०२. **जरिवाना गर्न सक्ने** : दफा ९९ बमोजिमको म्यादभित्र कर रकम नवुझाएमा कार्यालय प्रमुखले देहाय बमोजिम जरिवाना गर्नेछः-

(क) सो आर्थिक बर्षको अन्त्यसम्मलाई कर रकमको बीस प्रतिशतका दरले,

(ख) खण्ड (क) वमोजिमको म्याद नाघी सवारी कर वुझाउन आएमा प्रत्येक बर्षको तोकिएको करमा करको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म चालीस प्रतिशत, दुई वर्षसम्म साठी प्रतिशत, तीन वर्षसम्म असी प्रतिशत, चार वर्षसम्म सय प्रतिशत र पाँच वर्षसम्म एक सय बीस प्रतिशत थप जरिवाना सहित कर तिर्नुपर्नेछ ।

(ग) खण्ड (ख) वमोजिमको अवधिसम्म कर नवुझाएमा उक्त सवारीको दर्ता स्वतः खारेज हुनेछ ।

१०३. **लिलाम सम्बन्धी व्यवस्था**: (१) यस ऐन बमोजिम लाग्ने दस्तुर र जरिवानाको रकम दफा १०२ को उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र नवुझाएमा कार्यालयको लगतमा सो सवारी साधनलाई रोक्का गरी उक्त सवारी साधन तोकिए अनुसार लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा बाँकी रकम प्रदेश सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित प्रदेश कानून बमोजिम त्यस्तो सवारी धनीवाट सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कारवाही गरी असूल गर्दा असूल गर्नुपर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भएजति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको एक

वर्षभित्र सम्बन्धित सवारी धनीले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बांधिनेछ ।

(४) यसरी लिलाम गर्दा सो बापत लाग्ने विज्ञापन खर्च सवारी धनीबाटै असूलउपर गरिनेछ।

## परिच्छेद-११

## विविध

**१०४. अधिकार सुम्पन सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी वा निकायलाई सुम्पन सक्नेछ ।

**१०५. प्राधिकरण गठन गर्न सक्नेः** प्रदेश सरकारले सार्वजनिक सवारी संचालन एवम व्यवस्थापनका लागि प्राधिकरण गठन गर्न सक्नेछ ।

**१०६. सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेः** कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिबाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिर्नुपर्नेछ ।

**१०७. चक्र प्रणालीबाट यातायात सेवा संचालन गर्न नपाइनेः**(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्र प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन ।

(२) यस ऐन बमोजिम यातायात सेवा संचालन गर्ने इजाजत प्राप्त कम्पनीले चक्र प्रणाली अन्तर्गत यातायात सेवा संचालन गरेको पाइएमा तत्काल त्यस्तो कम्पनीको पञ्जिकरण निर्देशनालयले खारेज गर्न सक्नेछ।

**१०८. <u>परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>:** परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**१०९. <u>निर्देशन दिन सक्ने</u>:** निर्देशनालय वा कार्यालय प्रमुखले यातायात व्यवसायीहरुलाई यातायात व्यवसाय प्रभावकारी बनाउन तथा यातायात सेवा सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ।यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ ।

**११०. <u>अधिकार प्रत्यायोजन</u>:** यस ऐन बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालय प्रमुखले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१११. <u>पुनरावेदन</u>:** (१) यस ऐन बमोजिम कार्यालय प्रमुख, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर निर्देशनालय समक्ष पुनरावेदन लाग्नेछ ।

(२) यस ऐन बमोजिम निर्देशनालयले गरेको निर्णय वा आदेश उपर उच्च अदालत समक्ष पुनरावेदन लाग्नेछ ।

**११२. <u>उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्याद</u>:**(१) यस ऐन अन्तर्गतका कसुरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

(२) यस ऐन अन्तरगतका कसूरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ ।

**११३. <u>सहयोग पुर्‍याउनु पर्ने</u> :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय प्रमुखले

वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरुलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

**११४. <u>अन्य सवारी साधनको चालकले यस ऐनको पालन गर्नुपर्ने</u>:** यस ऐन बमोजिम दर्ता गर्न नपर्ने सवारी साधन वा कुनै सवारी साधन चलाउन यस ऐन बमोजिम चालक अनुमतिपत्र लिन नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक सङ्केत पालना गर्नुपर्छ ।

**११५. <u>नेपाल सरकार वादी हुने</u>:** (१) दफा ९४ को उपदफा (४), दफा ९५ र ९६ अन्तरगतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक यो ऐन अन्तर्गतको अन्य मुद्दा प्रदेश सरकारवादी हुनेछ।

**११६. <u>नियम बनाउने अधिकार</u> :** यस ऐनको उद्देश्य पूर्तिको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**११७. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार</u>:** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकारको यातायात हेर्ने मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही निर्देशनालयले आवश्यक मापदण्ड बनाई जारी गर्न सक्नेछ।

**११८. <u>असल नियतले गरेको कामको बचाउ</u>:** कार्यालय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको निकाय, समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्वन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो

कर्तब्य पालना गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रुपमा जवाफदेही हुनेछैन ।

**११९.** <u>बाधा अड्काउ फुकाउ</u>ः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१२०.** <u>बचाउ</u> : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गत भए गरेका काम कारवाही यो ऐन बमोजिम भएको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७६/०६/०१

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय